# स्थानीय राजपत्र

**लेकवेशी नगर कार्यपालिकाद्वारा प्रकाशित**

*खण्ड:७)   लेकवेशी नगरपालिका, कल्याण, सुर्खेत, आषाढ १२ गते, २०८१ साल   संख्या: ९*

## भाग - १

**लेकवेशी नगरपालिका**

## नगर कार्यपालिकाको कार्यालय

**कल्याण, सुर्खेत**

**सूचना**

नेपालको संविधान बमोजिम लेकवेशी नगरपालिकाको नगर सभाले तल लेखिए बमोजिमको ऐन बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

संवत् २०८१ सालको ऐन नं. ९

## लेकवेशी नगरपालिकाको शिक्षा ऐन, २०७८ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावनाः** लेकवेशी नगरपालिकाको शिक्षा ऐन, २०७८ लाई संशोधन गर्न वाञ्छनिय भएकोले, लेकवेशी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "लेकवेशी नगरपालिकाको शिक्षा ऐन (प्रथम संशोधन), २०७९" रहेको छ ।

(२) यो ऐन, तुरून्त प्रारम्भ हुनेछ ।

२. **लेकवेशी नगरपालिकाको शिक्षा ऐन, २०७८ को दफा १७ मा संशोधनः** लेकवेशी नगरपालिकाको शिक्षा ऐन, २०७८ को दफा १७ को,-

(१) उपदफा (१) मा "कुनै विद्यालयको व्यवस्थापन समितिले" भन्ने शब्दहरू र "सो को कारण खुलाई नगर शिक्षा अधिकृतको सिफारिसमा" भन्ने शब्दहरूको सट्टा "वा देहायको अवस्थामा सो को कारण खुलाई" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा (२) मा "उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएमा वा यस ऐन बमोजिम अवधि समाप्त भई अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएको अवस्थामा बढीमा तीन महिनाको लागि विद्यालय व्यवस्थापन समितिको काम गर्न नगर शिक्षा समितिले देहायका सदस्यहरू रहेको अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(क) सम्बन्धित वडाको वडाअध्यक्ष - संयोजक

(ख) अभिभावक मध्येबाट नगर शिक्षा समितिले तोकेका एक महिला सहित तीन जना - सदस्य

(ग) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उपदफा (३) मा "दफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कारणवस विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेमा सम्बन्धित विद्यालयको सिफारिसमा नगर शिक्षा समितिले अस्थायी

विद्यालय व्यवस्थापन समितिको म्याद एक पटकको लागि एक महिना थप गर्न सक्नेछ ।" भन्ने शब्दहरू राखिएका छन् ।

(४) उपदफा (४) मा "अस्थायी विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार विद्यालय व्यवस्थापन समिति सरह हुनेछ ।" भन्ने शब्दहरू राखिएका छन् ।

**आज्ञाले**
**बखत बहादुर खड्का**
**प्रमुख प्रशासकीय अधिकृत**